आज मिति २०७७।११।१४ गते शुक्रबार यस हिलिहाङ गाउँपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री भूवानी प्रसाद लिङदेन ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा यस आ.व को आठौ कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री भूवानी प्रसाद लिङदेन ..........

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेढाई ..........

३. वडा अध्यक्ष : श्री गोपीकृष्ण भण्डारी ..........

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........

५. वडा अध्यक्ष : श्री मदन गौतम ..........

६. वडा अध्यक्ष : श्री श्रीप्रसाद सिगु ..........

७. वडा अध्यक्ष : श्री लक्ष्मी प्रसाद सुहाङ ..........

८. वडा अध्यक्ष : श्री कृष्ण वा यवा ..........

९. वडा अध्यक्ष : श्री तिलबिक्रम ईधिङगो ..........

१०. का पा सदस्य श्री कामुदा गुरुङ ..........

११. का पा सदस्य श्री मेनुका देवी बजगाई ..........

१२. का पा सदस्य श्री माया कन्दङवा ..........

१३. का पा सदस्य श्री विष्णुकला उभरकोटी ..........

१४. का पा सदस्य श्री टिकाराम धमला ..........

१५. का पा सदस्य श्री दुर्गामाया परियार ..........

१६. सदस्य सचिव श्री बिक्रम लिम्बु ..........

**अन्य उपस्थिति :-**

१७. आर्थिक प्रशासन शाखा प्रमुख श्री सुवास भट्टराई..........

१८. योजना तथा प्रशासन शाखा प्रमुख श्री दुर्गा प्रसाद तिमसिना..........

Scanned with CamScanner

**प्रस्तावहरु :-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, आदेश, निर्देशन तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।
२. आगामी हिउँदे अधिवेशन सम्बन्धमा।
३. संस्था दर्ता ऐन, २०७७ आगामी हिउँदे अधिवेशनमा अनुमोदन गर्ने स म्बन्धमा।
४. प्रस्तावित बजेट संशोधन तथा रकमान्तर सम्बन्धमा।
५. सडक बोर्ड नेपाल अन्तर्गत मर्मत संभार गर्न कुन कुन स्थानीय सडकहरु छनोट गर्ने।
६. चिसोबाट प्रभावित व्यक्तिहरुलाई राहत वितरण सम्बन्धमा।
७. पशुपन्छि प्रर्बधन कार्यक्रम सन्चालनका लागि लागत साझेदारी निर्धारण सम्बन्धमा।

Scanned with CamScanner

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हालसम्म प्राप्त भएका तपसिल अनुसारका निर्देशन, परिपत्र तथा मागहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्वारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो। उक्त महत्वपूर्ण विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमद्वारा सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो।

**निर्णय नं. - २**

आर्थिक वर्ष २०७७/७८ को हिउँदे अधिवेशनको उद्घाटन मिति २०७७ फाल्गुण १६ गते हिलिहाङ गाउँपालिका वडा नं. ३ गोपेटार स्थित शेर्पा भवन मा गर्ने निर्णय गरियो ।

**निर्णय नं.- ३**

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा थप गरिएको दफा ११ को उपदफा ४ को खण्ड ठ मा प्रदत्त अधिकार **संघ संस्था दर्ता तथा नवीकरण** लाई कार्यान्वयन गर्न तथा यस हिलिहाङ गाउँपालिकामा संघ संस्था परिचालन सम्बन्धी स्थानीय नीति कानुन को आवश्यकता महसुस भई विधेयक समिति हुँदै कार्यपालिकामा छलफल पश्चात आगामी हिउँदे अधिवेशन बाट यस पालिकाको संघ संस्था दर्ता ऐन, २०७७ लाई अनुमोदन गर्ने/गराउने निर्णय गरियो।

**निर्णय नं - ४**

आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०७७ को दफा ३ को उपदफा ३ बमोजिम यस आर्थिक वर्षको स्विकृत वार्षिक बजेटको अधिनमा रही गाउँपालिकाको आवश्यकता र प्राथमिकताका आधारमा देहायनुसार बजेट संशोधन तथा रकमान्तर गर्ने निर्णय गरियो।

**(क) संशोधित बजेटको विवरण देहायनुसार रहेको छ।**

सातौ गाउँसभाबाट विनियोजित अवण्डा समपुरक कोष रु ३ करोडबाट तपशिल बमोजिम हुनेगरी आठौ गाउँसभामा सम्सोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| सम्सोधित बजेट योजनाहरुको विवरण | प्रस्तावित सस्सोधित बिनियोजन रु |
|---|---|
| हिलिहाङ दरवार सङ्ग्रालय सघिय समपुरक दायित्व | 1824871 |
| हिलिहाङ दरवार सङ्ग्रालय निर्माण प्रदेश समपुरक दायित्व | 1121207 |
| सल्लेरी सुभाङ पन्चमी अमरपुर सडक प्रदेश समपुरक दायित्व | 569864 |
| भूमिहिन दलित भूमिहिन सुकुम्बासी ब्यवस्थापन | 2311400 |
| हेवाखोला करीडर हेवाखोला दोभान माझिटार जिरोबिन्दुर भएर फालोट सम्म सडक निर्माण तथा स्तरोन्नती आ व २०७७।०७८ | 1925000 |
| गाउँपालिका प्रशासकिय भवन विष्तृत परियोजना निर्माण | 1500000 |
| १५ शैयाको अस्पताल भवन निर्माण डीपिआर तथा माटो परिक्षण | 1500000 |
| हिलिहाङ प्यागोडाशैलिको दरवार पर्यटन मन्त्रालयसँगको समपुरक दायित्व | 5700000 |
| सल्लेरी सुभाङ पन्चमी अमरपुर सडक प्रारम्भिक वातावरणिय परिक्षण | 1000000 |
| हिलिहाङ प्यागोडाशैलिको दरवार तथा सग्राहलय क्षेत्र प्रारम्भिक वातावरणिय परिक्षण | 1000000 |
| हिलिहाङ २ खेलमैदान प्रारम्भिक वातावरणिय परिक्षण | 100000 |
| गोपेटार प्राणि उध्दयान निर्माण डिपिआर तथा प्रारम्भिक वातावरणिय परिक्षण | 1000000 |
| सडक वोर्ड समपुरक | 1500000 |
| प्रदेश समपुरक गत आ वा को दायित्व फिर्ता | 1901563 |
| समपुरक कोष | 7046095 |

Scanned with CamScanner

| | | |
|---|---|---|
| जम्मा | | 30000000 |

(ख) सातौ गाउँसभाबाट विनियोजित अवण्डा आकस्मीक कोष रु ५०लाखबाट तपशिल बमोजिम हुनेगरी आठौ गाउँसभामा सम्सोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो।

| सम्सोधित बजेट योजनाहरुको विवरण | प्रस्तावित सस्सोधित बिनियोजन रु |
|---|---|
| हिलिहाङ गाउँपालिका पर्यटकिय स्थलको चिनारी निर्माण | 250000 |
| ग्रामिण विधुतकरण टी ओ डी मिटर खरिद हिलिहाङ ३ /४ | 500000 |
| कावेलि आ वि सौचालय निर्माण | 100000 |
| जटिल रोग नियन्त्रण तथा उपचार सहयोग | 2500000 |
| आकस्मिक कार्य सन्चालन | 1650000 |
| जम्मा | 5000000 |

(ग) सातौ गाउँसभाबाट विनियोजित अवण्डा प्रकोप ब्यवस्थापन कोष रु १ करोडबाट तपशिल बमोजिम हुनेगरी आठौ गाउँसभामा सम्सोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो।

| सम्सोधित बजेट योजनाहरुको विवरण | प्रस्तावित सस्सोधित बिनियोजन रु |
|---|---|
| कोभिड रोकथाम फिदिम न.पा. सोधभर्ना भुक्तानी | 332900 |
| कोभिड रोकथाम हेल्लो स्टुडेन्ड प्रोगाम | 100000 |
| नागरिक आरोग्य केन्द्र सन्चालन ब्यवस्थापन | 1000000 |
| सिरिजङ मा वि भवन निर्माण | 1000000 |
| प्रकृति प्रकोप राहत तथा आपतकालिन सहयोग | 2500000 |
| प्रकोप नियन्त्रण तथा ब्यवस्थापन | 5067100 |
| जम्मा | 10000000 |

(घ) सातौ गाउँसभाबाट विनियोजित बजेट योजना कार्यक्रमहरु तपशिल बमोजिम हुनेगरी आठौ गाउँसभामा सम्सोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो।

| क्रस | साविक योजना | वडा न | विनियोजित बजेट | सम्सोधन हुने प्रस्तावित योजनाहरु | वडा न | प्रस्तावित बजेट |
|---|---|---|---|---|---|---|
| १ | जोरपोखरी मालवासे महिला समूह ढाका बुनाइ अनुदान | वडा न ६ | 600000 | ससारीडाँडा माङहिम थप निर्माण | वडा न ६ | 200000 |
| | | | | कन्चनजङघा प्रा वि मर्मत सम्भार | वडा न ६ | 200000 |
| | | | | केरावारी कृषि सहकारी बारावेरा निर्माण | वडा न ६ | 200000 |
| २ | मौलोडाडा आ वि व्यावस्थापन | वडा न ६ | 100000 | फाल्गुनन्द आ वि ब्यवस्थापन | वडा न ६ | 100000 |
| ५ | चिनान डाडा खापा | वडा न ५ | 100000 | मिनराज खा पा ओप्लासे | वडा न ५ | 100000 |
| ७ | सान्छोलिङ गुम्बा सिढी निर्माण | वडा न ७ | 500000 | सान्छोलिङ गुम्बा रङरोकन तथा मूर्ति ईयाक निर्माण | वडा न ७ | 500000 |
| ८ | फेदापा सिस्नेरी मो वा स्तरवृदि | वडा न १ | ~~453800~~ 7351- | साविक २ न खोप केन्द्र निर्माण थप | वडा न १ | 350000 |
| ९ | निर्माण भएका मो वा मर्मत | वडा न १ | 40600 | बाख्राको खोर निर्माण थप अनुदान | वडा न १ | 225000 |
| १० | वृटिक तालिम | वडा न १ | 200000 | ३ वटा खोपकेन्द्र फर्निचर तथा उद्घाटन | वडा न १ | 250000 |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | स्वास्थ्य सस्था मर्मत तथा खोप केन्द्र फर्निचर | वडा न १ | 200000 | वडा स्तरीय वालक्लव व्यवस्थापन तथा अतिरिक्त क्रियाकलाप | वडा न १ | 119400 |
| १२ | कम्पूटर तालिम | वडा न १ | 50000 | | | |
| १३ | कृषक सहायता कार्यक्रम | वडा न २ | 200000 | सरक सरसफाइ कार्यक्रम | वडा न २ | 100000 |
| | | | | खोपकेन्द्र व्यवस्थापन रजाबेशी | वडा न २ | 100000 |
| १४ | पिप्ले तमोरखोला सिचाइ पाइप खरिद | वडा न ४ | 250000 | मझैटार खोपकेन्द्र व्यवस्थापन तथा चर्पि निर्माण | वडा न ४ | 150000 |
| | | | | पिप्ले तमोरखोला सिचाइ पाइप खरिद | वडा न ४ | 100000 |
| १५ | सामे सिमलबोटे सिचाइ योजना डिपिआर | वडा न ३ | 250000 | ३ न वडा कार्यालय डिपिआर | वडा न ३ | 150000 |
| | | | | गोतामेखोला डाँडाखेत सिचाय योजना पाइप खरिद | वडा न ३ | 100000 |
| १६ | सिस्ने टिमुरे खानेपानि रिजर्व टेङ्की निर्माण | वडा न ३ | 800000 | फुलुवा डाँडेखण्ड मो वा ट्र्याक ओपन | वडा न ३ | 800000 |
| जम्मा | | | 3744400 | जम्मा | | 3744400 |

**निर्णय नं. - ५**

जिल्ला प्रशासन कार्यालय, फिदिम, पाँचथरको चं. नं. १३६८ र मिति २०७७/१०/०१ गतेको पत्रानुसार यस पालिकामा चिसोबाट प्रभावित लक्षित समुदायहरुलाई सिरक र म्याट राहत स्वरुप वितरण गर्ने प्रयोजनकालागि वडास्तरीय विपद व्यवस्थापन समितिहरुको निर्णय र सिफारिस भई आएका व्यक्तिहरु मध्ये देहायनुसारका व्यक्तिहरुलाई राहत प्रदान गर्ने निर्णय गरियो।

| वडा नंबर | सिफारिस गरिएका व्यक्तिहरुको नाम, थर | राहत सामाग्री |
|---|---|---|
| हिलिहाङ गाउँपालिका -०१ | टिकाराम तामाङ | १/१ थान सिरक र म्याट |
| | आइतराज राई | १/१ थान सिरक र म्याट |
| हिलिहाङ गाउँपालिका -०२ | अमृत जोगी | १/१ थान सिरक र म्याट |
| हिलिहाङ गाउँपालिका -०३ | सरन कुमार योङहाङ | १/१ थान सिरक र म्याट |
| | फिन्जु शेर्पा | १/१ थान सिरक र म्याट |
| हिलिहाङ गाउँपालिका -०४ | कृष्ण बहादुर योङहाङ | १/१ थान सिरक र म्याट |
| हिलिहाङ गाउँपालिका -०५ | कमला बयलकोटी | १/१ थान सिरक र म्याट |
| हिलिहाङ गाउँपालिका -०६ | चुडा कर्ण यवा | १/१ थान सिरक र म्याट |
| | बृख बहादुर हाङसरुम्बा | १/१ थान सिरक र म्याट |
| हिलिहाङ गाउँपालिका -०७ | पर्शुराम तामाङ | १/१ थान सिरक र म्याट |
| | जम्मा | १०/१० थान सिरक र म्याट |

**निर्णय नं. - ६**

आर्थिक वर्ष २०७७।०७८ को कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट रु १० लाख बजेट लागत साझेदारीमा बंगुर प्रर्वधन कार्यक्रम सन्चालनको लागि छनौट भएका कृषक वा समूहले कुल लागतमा २५ प्रतिशत साझेदारीमा कार्यक्रम कार्यन्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. - ७**

सडक बोर्ड नेपालको च न ७०५ मिति २०७७।०९।२४ को पत्रानुसार तपशिल बमोजिमका योजनाहरु सन्चालन प्रकृया अघि बढाउने निर्णय गरियो।

| क्र.सं. | सडकहरुको नाम | रकम |
|---|---|---|
| १ | हिलिहाङ गा पा ६ कोपिले टुवा कुटिडाँडा सडक मर्मत | ५००००० |
| २ | कोलडाँडा काबेली करिडोर हिलिहाङ २ | ६००००० |
| ३ | हिलिहाङ गा पा ७ सल्लेरी एकचेपा तमोर करिडोरसम्म सडक मर्मत | १६२०००० |
| ४ | हिलिहाङ गा पा ५ सल्लेरी सुभाङ खण्ड अन्तर्गत च्यानडाँडा मसरगाउँ गुरुङछाप | ४००००० |

Scanned with CamScanner

| | | |
|---|---|---|
| | ओराङफुङ सडक मर्मत सम्भार | |
| ५ | हिलिहाङ गा पा ३ साम्रे सिरिसे मो बा स्तरउन्नति | ४००००० |
| ६ | हिलिहाङ गा पा ३ कोइरी सार्की गाउँ मो बा स्तरउन्नति | २००००० |
| ७ | झाँक्रीडाँडा सिमलबोटे मो बा स्तरउन्नती | ८००००० |
| ८ | हिलिहाङ गा पा ७ बरबोटे झगरे पोखेल गाउँ हेवाखोला मो बा स तरउन्नति | ५००००० |
| ९ | भिमसेनथान आहाले मो बा स्तरउन्नती | ५८०००० |
| १० | हिलिहाङ ५ सल्लेरी सुभाङ अन्तर्गत खत्रिचोक जामुने स्कुल सालबोटे मेक्सिदुम्वा योङहाङ चोक तोक्रुम्बा सडक मर्मत | ४००००० |

**निर्णय नं. - ८**

यस गाउँपालिकामा शिक्षक दरबन्दी मिलान तथा ब्यवस्थापन कार्यविधि २०७६ बमोजिम कार्य गर्न निम्न बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| सम्योजक गा पा अध्यक्ष | श्री भुवानी प्रसाद लिङदेन |
| सदस्य प्रप्रअ | श्री बिक्रम लिम्बु |
| सदस्य गा पा सामाजिक विकास समिति | श्री तिलबिक्रम इधिङगो |
| सदस्य शिक्षक महासघ अध्यक्ष | श्री केशव गौतम |
| सदस्य सगठन प्रतिनिधि | श्री भिम योङहाङ |
| सदस्य शिक्षक सघ प्रतिनिधी | श्री सुरेन्द्र प्रसाद ओझा |
| सदस्य सचिव | श्री बिश्वनाथ भण्डारी |

**निर्णय नं. - ९ विविध**

(क) हिलिहाङ ५ बस्ने मलामी विकट पाटिमा निशुल्क दाउरा उपलब्ध गराउँदै आएकोले निजको श्रमको सम्मान गर्दै रु १५०००|० अक्षरेपी पन्ध्र हजार आकस्मिक कोषबाट भुक्तानी दिने निर्णय गरियो।

(ख) कक्षा ८ परिक्षा सन्चालन गर्न नपुग हुने रकम रु १६००००|० एकलाख साठी हजार आकस्मिक कोषबाट भुक्तानी दिने गरी परिक्षा सन्चालन ब्यवस्थापन गर्ने निर्णय गरियो।

(ग) गाउँपालिकाहरुको जनप्रतिनिधिहरुको जीवनी प्रकासन गर्न २२५०००|० दुइलाख पच्चीस हजार आवश्यक प्रकृया पुरा गरी भुक्तानी दिने निर्णय गरियो।

(घ) जोरपोखरी स्थित नेपाली सेनाको माग अनुसार रु २००००|० विस हजार बराबरको खानेपानी पाइप उपलब्ध गराइ भुक्तानी दिने निर्णय गरियो।

Scanned with CamScanner